श्री
फोन नं. ०८७४४०१२१
ईमेलः- info.dckalikot@supremecourt.gov.np

# कालिकोट जिल्ला अदालत

## मान्म, कालिकोट

मितिः- २०७८।०३।०७

सूचना !

नोवल कोरोना भाइस (कोभिड-१९) को नयाँ भेरियन्ट विश्वव्यापीरुपमा फैलिरहेको र नेपालमा पनि त्यसको संक्रमण तीव्रगतिमा बढिरहेको सन्दर्भमा त्यसको रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारले मिति २०७८।०१।०६ मा जनस्वास्थ्यसम्बन्धी विभिन्न मापदण्डसहितको आदेश जारी गरेको अवस्था तथा सम्मानित सर्वोच्च अदालतबाट मिति २०७८।०१।१४ मा जारी गरिएको प्रेस विज्ञप्ति एवं हालका दिनमा कालिकोट जिल्लामा तिव्र रुपमा बढिरहेको कोरोना भाइस (कोभिड-१९) को अवस्थालाई दृष्टिगत गरी संक्रमण फैलावटलाई रोकथाम र नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालय, कालिकोटबाट मिति २०७८।०१।१९ राती १२:०० बजेबाट लागू हुने गरी निषेधाज्ञा जारी भएको र पटक पटक निषेधाज्ञा अवधि थप भई पछिल्लो पटक मिति २०७८।०३।०७ राती १२:०० बजे देखि २०७८।०३।१४ राती १२:०० बजेसम्मका लागि सार्वजनिक एव निजी सवारी साधनहरु संचालन गर्न नपाउने गरी यस कालिकोट जिल्लाभर निषेधाज्ञा जारी गरिएको सन्दर्भमा सो निषेधाज्ञा अवधिभर यस अदालतबाट प्रवाह गरिने सेवाहरुमा कोरोना भाइरस संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न स्वास्थ्य सुरक्षा सम्बन्धी निर्धारित मापदण्डहरुको पूर्ण पालना हुने गरी पक्षहरु स्वयम् उपस्थित भई निवेदन दिएमा मिलापत्र, मुद्दा फिर्ता, विशेष प्रकृतीका निवेदनहरु सम्बन्धी काम कारवाही र अदालतले आन्तरिक रुपमा गर्न सक्ने डिसमिस, तामेली, प्रतिवेदन पेश गर्ने लगतकट्टा निर्णय गर्ने लगायतका सेवा विस्तार तथा काम कारवाहीहरु थप गर्ने र अरुमा यस अदालतबाट जारी गरिएका पूर्व सूचना अनुसार नै हुने र निषेधाज्ञा हटी सबै सेवा सुचारु भएमा सम्मानित सर्वोच्च अदालतको मिति २०७७।०२।१५ को बृहत पूर्ण इजलासको फैसलाबमोजिम सो निषेधाज्ञा हटेको मितिले बाटोको म्याद बाहेक ३० (तीस) दिन भित्र आएमा सो हदम्याद, म्याद र तारिख अरु कुराको रीत पुगेको भए स्वत: थामिई कानून बमोजिम कारवाही र सुनुवाई गर्ने गरी निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रेमप्रकाश थापा
स्रेस्तदार उपसचिव
स्रेस्तेदार,उपसचिव